स्थायी लेखा नं.: २०१२९६११०
कार्यालय कोड नं.: ८०१०५१२८

ठाकुरबाबा नगरपालिका
Thakurbaba Municipality

# नगर कार्यपालिकाको कार्यालय
# Office of the Municipal Executive

(**Google Plus Code**: C8RJ+C6 Neulapur)

सैनवार, बर्दिया
Sainawar, Bardiya

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

## "सुरक्षित घर निर्माण" का लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशन मितिः २०८१।०६।२२ गते)

ठाकुरबाबा नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गतको **"सुरक्षित आवास निर्माण कार्यक्रम"** मार्फत लागत साझेदारीमा आवास निर्माण गर्न ईच्छुक विपन्न, द्वन्द्वपीडित, मानव-वन्यजन्तु द्वन्द्वपीडित, वि. सं. २०७१ सालको बाढीबाट पीडित तथा "क" र "ख" वर्गको अपाङ्गता भएका नगरवासीहरुले तपसिल बमोजिमका कागजातहरु सहित सम्वन्धित वडा कार्यालयहरुमा यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०८१।०७।०५ गते) भित्र निवेदन पेश गर्नुहुन **"सुरक्षित घर निर्माण कार्यविधि, २०७५"** को नियम ५ (क) बमोजिम यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

२०८१/०६/२२

नारायण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

तपसिलः

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
२. विगतदेखि सो स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण।
३. जग्गाधनी प्रमाणपूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्वन्धी कागजात वा आफू स्थायी रुपमा सो स्थानमा बसोबास गरी आएको भन्ने सम्बन्धित वडा कार्यालयको सिफारिस।
४. सम्बन्धित वडाले विपन्न परिवार भनी गरेको सिफारिस।
५. ठाकुरबाबा नगरपालिकामा घर अभिलेखीकरण गरेको प्रमाणपत्र।
६. "क" र "ख" वर्गको अपाङ्गता भएका व्यक्तिको परिवार भए अपाङ्गता परिचय पत्रको प्रतिलिपि।
७. द्वन्द्वपीडित वा मानव-वन्यजन्तु द्वन्द्वपीडित परिवार भए सोको प्रमाण।
८. वि. सं. २०७१ सालको बाढीबाट पीडित परिवार भए सोको प्रमाण।

*(पुनश्चः यो सूचनासँग सम्बन्धित थप जानकारीका लागि सम्बन्धित वडा कार्यालय वा नगरपालिकाको योजना तथा अनुगमन उपशाखामा सम्पर्क राख्नुहोला।)*

अनुसूची-३

दफा ५ (क) सँग सम्बन्धित

# लाभग्राहीले दिने निवेदन

मितिः २०८१।......।......

श्री नगर प्रमुखज्यू,
ठाकुरबाबा नगरपालिका
सैनवार, बर्दिया।

**विषयः सुरक्षित घर निर्माण अनुदान सम्बन्धमा ।**

प्रस्तुत विषयमा म ठाकुरबाबा नगरपालिका ...... नं. वडा ........................ टोलमा स्थायी बसोबास गरिरहेको र मेरो आर्थिक अवस्था कमजोर रहेको हुँदा नगरपालिकाबाट उपलब्ध गराइने सुरक्षित घर निर्माण कार्यक्रममा समावेश गराई मेरो कि. नं. ............ को ..................... क्षेत्रफलमा सुरक्षित घर निर्माणका लागि अनुदान रकम उपलब्ध गराइदिनुहुन निवेदन गर्दछु ।

संलग्न कागजातहरु (भएकोमा मात्र ☑ चिन्ह लगाउनुहोस)

( ) नेपाली नागरिकताको प्रतिलिपि।

( ) विगतदेखि सो स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण।

( ) जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको कागजात वा आफू विगत देखि स्थायी रुपमा सो स्थानमा बसोवास गरी आएको भन्ने सम्बन्धित वडाको सिफारिस।

( ) सम्बन्धित वडाले कार्यालयको सिफारिस।

( ) ठाकुरबाबा नगरपालिकामा घर अभिलेखिकरण गरेको प्रमाणपत्रको प्रतिलिपि।

( ) "क" र "ख" वर्गको अपाङ्गता भएका व्यक्तिको परिवार भए अपाङ्गता परिचयपत्रको प्रतिलिपि।

( ) द्वन्द्वपीडित वा मानव-वन्यजन्तु द्वन्द्वपीडित परिवार भए सोको प्रमाण।

( ) वि. सं. २०७१ सालको बाढीबाट पीडित परिवार भए सोको प्रमाण।

**निवेदक**

हस्ताक्षरः ........................................

नामथरः ........................................

ठेगानाः ........................................

सम्पर्क नं. ......................................